# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.

**पुतलीसडक, काठमाडौं ।**

## तेईसौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०९/०७ गते)

मिति २०७८ पौष ५ मा बसेको संचालक समितिको ३६६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको तेईसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सभा हुने मिति, समय र स्थान

**मिति : २०७८ पौष ३० गते शुक्रबार, तद्नुसार १४ जनवरी २०२२**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौं ।**

**(कोभिड १९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाईन (भर्चुअल) प्रविधि मार्फत समेत सहभागी हुन सक्ने गरी शेयरधनी महानुभावहरुलाई Meeting ID / Password उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)**

### छलफलका विषयहरु

**(क) साधारण प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट २३ औं वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्वद्ध अनुसूचीहरु सहितको आ.व. २०७७/०७८ को वित्तीय बिवरण माथि छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजी रु. १,०३,४२,२१,९००/- को ५% ले हुने रकम रु.५,१७,११,०९७/- नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर सहित) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को हिसाव किताव लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना संचालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

१. संचालक समितिले सिफारिश गरे बमोजिम चुक्ता पूँजी रु. १,०३,४२,२१,९००/- को २०% ले हुने रकम रु.२०,६८,४४,३८८/- बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति) वा प्राप्त गर्न उपयुक्त देखिएमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्याकनकर्ता नियुक्त गर्ने, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

४. संस्थाको नियमावलीको नियम २९ को उपनियम (१) (ख) संशोधन गर्ने ।

५. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारणसभा प्रयोजनका लागि २०७८ पौष १८ गते १ दिन यस संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८ पौष १६ गते सम्म कारोबार भई शेयर रजिष्ट्रार श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा बोनस शेयर तथा नगद लाभांश पाउने ब्यवस्था मिलाइएको ब्यहोरा अनुरोध छ ।

२. शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनीहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ । साथै उक्त प्रतिवेदन संस्थाको वेबसाईट www.rmdcnepal.com मा पनि हेर्न सकिनेछ । कुनै कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीहरुले यसै सूचनालाई आधार मानी आफ्नो कुनै परिचय खुल्ने प्रमाणपत्र तथा एक सक्कल शेयर प्रमाणपत्र वा शेयर अभौतिकीकरण गरेको विवरण देखिने BOID No. हितग्राही खाता नं. साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ ।

३. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिन प्रोक्सी ल्याउने व्यक्ति संस्थाको शेयरधनी मध्येबाट नै हुनु पर्नेछ । प्रोक्सी फर्म सभा हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको पुतलीसडक स्थित कार्यालयमा दर्ता गराउनु पर्नेछ । एक जना शेयरधनीले एक भन्दा बढी प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।

५. नावालक वा अशक्त शेयरधनीको तर्फबाट लगत किताबमा उल्लेखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नु हुनेछ ।

६. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा त्यस्तो शेयरधनीको तर्फबाट सर्वसम्मत रुपमा नियुक्त प्रतिनिधि अथवा त्यसरी नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र सभामा भाग लिन, मतदान गर्न पाउनेछ ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनीत व्यक्तिले ल्याउने गरी प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

८. विविध शिर्षक अन्तर्गत गर्नुपर्ने छलफलको विषय बारे सभा हुने दिन भन्दा ७ दिन अगावै कार्यालय समय भित्र अध्यक्षज्यूलाई सम्बोधन गरी संस्थाको कार्यालयमा लिखित जानकारी दिनुपर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरी छलफलमा समावेश गर्न सक्ने भएता पनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।

९. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय, आरएमडीसी लघुवित्त वित्तीय संस्था लि., पुतलीसडक, काठमाडौंमा वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अघि प्रकाशित गरिनेछ ।

१०. साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस संस्थाको वेभसाइट www.rmdcnepal.com मा हेर्न वा पुतलीसडक, काठमाडौं स्थित संस्थाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
पो.ब.नं. २०७८१, पुतलीसडक, काठमाडौं । फोन नं. ४२६८०१९, ४२६८०२०
Email:rmdc@rmdcnepal.com, Website:www.rmdcnepal.com